# धादिङमा चुनावी सरगर्मी

**बाबुराम श्रेष्ठ/हिटा**

**धादिङ, ३ कात्तिक**




आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि धादिङका राजनीतिक दलहरू चुनावी माहोलमा होमिएका छन् । चुनावको मिति नजिकिँदै गर्दा धादिङमा सत्ता गठबन्धन र प्रमुख विपक्षी दलका नेता तथा उम्मेदवारहरू आ-आफ्नो चुनावी एजेण्डा बोकेर मतदाताको घर-घरमा पुगिरहेका छन् । धादिङको चुनावी माहोलमा पनि क्षेत्र नं. २ मा सबैको आँखा परेको छ । उक्त क्षेत्रमा कसले बाजी मार्ला भन्ने आमचासोको विषय बनेको छ । यस निर्वाचन क्षेत्रमा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका सभापति रामनाथ अधिकारी र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेबाट निवर्तमान सांसद एवं एमाले केन्द्रीय सदस्य खेम लोहनी चुनावी मैदानमा उत्रिनुभएको छ ।

यी दुई नेताबीच यस निर्वाचनमा कडा प्रतिस्पर्धा हुने देखिएको छ । सत्ता गठबन्धनबाट उम्मेदवार बन्नुभएका रामनाथ अधिकारीलाई नेकपा माओवादी केन्द्र र एमालेबाट फुटेर बनेको नेकपा एकीकृत समाजवादी तथा बाबुराम भट्टराईको नेपाल समाजवादी पार्टीको साथ रहेको छ । यस्तै, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका उम्मेदवार खेम लोहनीलाई राष्ट्रिय प्रजातन्त्र पार्टीको साथ रहेको छ । साथै निर्वाचनअगाडि मात्र खोलिएको राष्ट्रिय स्वतन्त्र पार्टीबाट बसुमाया तामाङसमेत चुनावी मैदानमा उत्रिनुभएको छ । २०७४ सालको निर्वाचनमा तीनवटासम्म निर्वाचन क्षेत्र रहेको धादिङमा संघीयतापछि राज्य पुनर्संरचना गर्दा दुईवटा निर्वाचन क्षेत्र भएको छ । संघीयतापछिको पहिलो संसदीय निर्वाचनमा यस क्षेत्रबाट नेकपा एमालेका नेता खेमप्रसाद लोहनी विजयी हुनुभएको थियो । नेपाली कांग्रेसका नेता दिलमान पाखिनलाई ६४० मतले पराजित गर्दै लोहनी विजयी हुनुभएको थियो ।

लोहनीलाई तत्कालीन अवस्थामा नेकपा माओवादी केन्द्रको साथ रहेको थियो । धादिङमा कुल १०४ वटा वडामध्ये ५१ वटा वडामा निर्वाचन क्षेत्र रहेको छ । स्थानीय तहको निर्वाचनमा मुख्य राजनीतिक दलहरू नेकपा एमालेले ५१ वटै वडा, नेपाली कांग्रेसले ४३ वडा वडामा र माओवादी केन्द्रले ३४ वटा वडामा आफ्नो उम्मेदवार उठाएको थियो । त्यस्तै, नेकपा एकीकृत समाजवादी पार्टीले २४ वटा वडा, राप्रपाले ४६ वटा वडा र जनता समाजवादी पार्टीले १३ वटा वडामा आफ्नो उम्मेदवार उठाएको थियो । जसमध्ये नेपाली कांग्रेस २२ वटा वडामा विजयी हुँदा नेकपा माओवादी केन्द्र १० वटा वडामा विजयी भएको थियो भने नेकपा एमालेले आठवटा वडामा विजय हासिल गरेको थियो । त्यस्तै, राप्रपाबाट चार, स्वतन्त्रबाट तीन, जनता समाजवादीबाट एक र एकीकृत समाजवादीबाट तीनजना उम्मेदवाहरू वडामा विजयी भएका छन् ।

जितेका र हारेका सबै वडाध्यक्षहरूले पाएको मत जोड्दा यस निर्वाचन क्षेत्रमा नेपाली कांग्रेस २९ हजार ९६५ मत प्राप्त गरी पहिलो स्थानमा रहेको छ । त्यस्तै, नेकपा एमालेले २५ हजार ९३८ मत पाउँदा नेकपा माओवादीले १४ हजार ३८० मत पाएको थियो । त्यस्तै, राप्रपाले पाँच हजार २८७ मत र नेकपा एकीकृत समाजवादीले तीन हजार ४५६ मत पाएका छन् । त्यस्तै, स्वतन्त्रलगायत अन्य साना दलहरूले चार हजार ९४४ मत पाएका छन् । स्वतन्त्रबाट विजयी भएका तीनवटै वडाहरूमा नेपाली कांग्रेसकै बागी उम्मेदवारहरूको जित भएको थियो । सत्ता गठबन्धनमा रहेका दलहरू नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादीका वडाध्यक्षले पाएको मत जोड्दा ४७ हजार ८०१ रहेको छ । त्यस्तै, एमाले र राप्रपाका वडाध्यक्षले पाएको मत जोड्दा ३१ हजार २२५ मत रहेको छ । जनता समाजवादीबाट फुटेर बनेको बाबुराम भट्टराईको नेपाल समाजवादी पार्टीको पनि सत्ता गठबन्धनलाई नै साथ रहेकाले तत्कालीन जसपा र हाल नेसपाले पाएको भोट एक हजार ६० समेत जोड्दा धादिङमा सत्ता गठबन्धनका उम्मेदवार रामनाथ अधिकारी १७ हजार ६३६ मतले अघि देखिनुभएको छ । तर, स्थानीय तहको निर्वाचनमा जसरी संसदीय निर्वाचनमा भोट नखस्ने, गठबन्धनप्रतिको वितृष्णा र गठबन्धन दलहरूमा भएको केही असहमतिका भोटहरू आफूले ल्याएर चुनाव जित्ने रणनीतिमा खेमप्रसाद लोहनी देखिनुभएको छ ।

# रोमाञ्चक दृश्य देखिने प्रेमिल लभ्लीहिलमा पर्यटक आकर्षित

**ध्रुवसागर शर्मा/हिटा**

**म्याग्दी, ३ कात्तिक**

उत्तरतर्फ आँखैअगाडि चाँदीझैं सेता टलक्क टल्केका हिमशृंखला, नजिकै सुन्दर नगरी बेनी बजारलाई काखमा राखेर नागबेली हुँदै बगेका म्याग्दी नदी र कालीगण्डकी । हरिया बगैंचा, रुखका बुट्यानहरू, हावामा बयेली खेलिरहेका फूलहरू, भुर्र–भुर्र उडिरहेका चराहरू अनि बेपर्वाह आपसमा प्रेमालाप गरिरहेका जोडीहरू देखिने लभ्लीहिल (प्रणयशिखर) पर्यटकको पर्खाइमा छ ।

आसपासमा देखिने हिमशृंखला, चारैतिर देखिने हरियाली र आकर्षक भू-बनोटलगायत मनमोहक दृश्यले यो ठाउँलाई प्रेममैत्री बनाएको छ । सदरमुकाम बेनीको दक्षिणी मोहोडाको शिरमा रहेको लभ्लीहिल प्रेमजोडीको रोजाइमा पर्न थालेको छ । प्राकृतिक सौन्दर्यमा हराउँदै आपसमा बाँधिएर सुदूर अतितको कल्पनामा डुबुल्की मार्न दैनिक सयौंको संख्यामा यहाँ आउने प्रेमजोडीहरू यहाँबाट देखिने रोमाञ्चक दृश्य हेर्दै प्रेममा डुबुल्की मारिरहेका देखिन्छन् । कोरोना भाइरस (कोभिड-१९) संक्रमणका डरले गत चैतसम्म सुनसान देखिएको लभ्लीहिल हिजोआज आफ्नै लयमा फर्किन थालेको छ ।

बेनीबाट ३० मिनेटभित्रै पुग्न सकिने बेनी नगरपालिका-२ खबरा नजिकै अवस्थित लभ्लीहिलमा 'मर्निङ वाक', 'इभिनिङ वाक' गर्नेदेखि दिउँसोको समयमा घुम्न आउने आन्तरिक पर्यटक र प्रेमको तीर्खा मेट्न आउने थुप्रै तन्नेरीहरूका कारण हिजोआज लभ्लीहिल गुलजार बन्दै जान थालेको छ ।

पूर्वाधार निर्माणसँगै पछिल्लो समय म्याग्दीको सदरमुकाम बेनी बजार नजिकै रहेको पर्यटकीय तथा रमणीयस्थल लभ्लीहिल पर्यटकको आकर्षणको केन्द्र बने पनि कोरोना संक्रमणको डरले गत वर्षसम्म यसलाई ओझेलमा पारेको थियो । तर, अहिले कोरोना संक्रमणको दर केही कम भएकाले यहाँ रौनक सुरु भएको स्थानीय चन्द्रबहादुर कार्कीले बताउनुभयो ।

आन्तरिक र बाह्य पर्यटकको मुख्य आकर्षणको केन्द्रका रूपमा रहेको लभ्लीहिल विशेषगरी युवायुवतीका लागि 'डेटिङ स्पोट' का रूपमा विकसित भएको छ । विभिन्न जिल्लाबाट म्याग्दीको बेनीबजारमा आउने आन्तरिक पर्यटकका लागि पनि आकर्षक गन्तव्यस्थल बनेको छ लभ्लीहिल । बेनीबजारसँगै जोडिएको खबरा नजिकैको खाराको डाँडोलाई लभ्लीहिल नामाकरण गरिएको छ ।

लभ्लीहिलबाट बेनीबजार, गलेश्वर, पौलस्त्य आश्रम, जगन्नाथ मन्दिर, भकिम्लीको स्वर्गाश्रम, पर्वत बेनी र मल्लाजलगायतका क्षेत्रहरू देख्न सकिन्छ । यसैगरी म्याग्दी जिल्लाका अधिकांश भू-भागका साथै उत्तरी पर्वतको जलजला गाउँपालिकासहित संसारको सातौं अग्लो चुचुरो धौलागिरि, अन्नपूर्ण हिमाल तथा सूर्योदयको समेत यहाँबाट अवलोकन गर्न पाइन्छ ।

बेनीबजार आसपासका क्षेत्रबाट बग्ने म्याग्दी र कालीगण्डकी नदीको बहावलगायत आकर्षक दृश्यको अवलोकन गर्न सकिने सदरमुकाम नजिकको गन्तव्य भएकाले पनि यहाँ थप पूर्वाधार तथा प्रचारप्रसार भएमा आर्थिक कारोबार र नयाँ बस्तीको समेत सम्भावना रहेको छ । केही वर्षयता दैनिकजसो समूह बनाएर घुम्न जाने स्थानमा परेको लभ्लीहिललाई आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरी पर्यटकीय गन्तव्य बनाउनुपर्ने जिल्लाका पर्यटन व्यवसायीहरू बताउँछन् । लभ्लीहिलमा रेष्टुरेन्ट, भ्यु टावर, स्विमिङ पुललगायत बालबालिकादेखि वृद्धवृद्धाहरू रमाउने स्थलका रूपमा विकसित भइरहेको छ ।यस क्षेत्रमा खान, बस्नका लागि आवश्यक व्यवस्थासहित थप पर्यटन पूर्वाधार निर्माण भएमा म्याग्दी र मुस्ताङ भ्रमणमा आउने पर्यटकलाई आकर्षित गर्न सकिने स्थानीयवासीको भनाइ छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुरको**
**श्री तिलगंगा आँखा अस्पताल तिलगंगा, काठमाण्डौको नाममा सम्बन्धन/स्वीकृत प्रमाण–पत्र तह अप्थाल्मिक साइन्स कार्यक्रमको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी जरुरी सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०७९/०७/०४**

यस परिषद्बाट प्रमाण-पत्र/डिप्लोमा तह अप्थाल्मिक साइन्स कार्यक्रमको सम्बन्धन/स्वीकृति लिएको संस्था श्री तिलगंगा आँखा अस्पताल तिलगंगा, काठमाण्डौले उल्लेखित कार्यक्रमलाई श्री तिलगंगा होल्डिगंस प्रा.लि. का.म.न.पा.८, तिलगंगा, काठमाण्डौ मार्फत तिलगंगा स्कूल अप अप्थाल्मिक साइन्सको नाममा हस्तान्तरण गराई पाउँ भनी दिएको निवेदन माथि कारवाही हुँदा यस परिषद् कार्यालयको मिति २०७९/६/२८ गतेको निर्णय अनुसार उल्लेखित कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध भए अन्तिम सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सहित हकदावी विरोधको लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै म्याद नाघि आएका उजुरी उपर कुनै कारवाही नहुने तथा कार्यक्रम हस्तान्तरण प्रकृया अगाडी बढ्ने व्यहोरा समेत सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८

# बालकथासंग्रह 'इन्जिनियर चरा' प्रकाशित

**काठमाडौं/हिटा ।** कथाकार रत्न प्रजापतिको नयाँ बालकथासंग्रह ' इन्जिनियर चरा' प्रकाशित भएको छ । यो पुस्तक रत्न पुस्तक भण्डारले प्रकाशन गरेको हो । संग्रहमा ' झिंगापुर यात्रा', 'कमिला र माछा', 'बेल विवाह', 'इन्जिनियर चरा', 'स्यालले किरिया खायो', 'हिस्स बुढी खिस्स दाँत' र 'मुसाको भाइटीका' शीर्षकका सातवटा रमाइला र सन्देशमूलक कथा संगृहित छन् । ।कथा सुहाउँदो चित्रले बालपाठकहरूको मनमा उत्सुकता जगाउनेछ र पठनमा आकर्षित गर्नेछ । पुस्तकको शीर्षकअनुरूप यस संग्रहभित्रका कथाहरूलाई बालबालिकाले अवश्य मन पराउने विश्वास प्रकाशकको छ । बालबालिकामा पठन संस्कृतिको विकास गर्न यो पुस्तकले थोरै भए पनि सघाउ पुऱ्याउने विश्वास गर्न




सकिन्छ । ३२ पृष्ठको यो पुस्तकको मूल्य ९५ रुपैयाँ रहेको छ ।

# बलात्कार आरोपमा ६० वर्षीय एक पुरुष पक्राउ

**जनकपुरधाम/हिटा ।** धनुषामा झारफुक गर्ने बहानामा बलात्कार गरेको आरोपमा एकजना पक्राउ परेका छन् । ३५ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा विदेह नगरपालिका-३ कर्माहिया बस्ने ६० वर्षीय विश्वेश्वर मुखियालाई प्रहरीले पक्राउ गरेको हो । मुखियाले झारफुक गर्ने क्रममा ती महिलाकै घरमा बलात्कार गरेको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय दुहबीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**भुम्लु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सल्ले, काभ्रेपाल्चोक**
**बागमति प्रदेश, नेपाल**

**आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना**

***दोस्रो पटक सूचना प्रकाशित मिति : २०७९/०७/०४ गते.***

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, बमोजिम नेपाल सरकार र प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमति प्रदेश बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) ढुंगा, गिटी ,बालुवा उत्खनन् ,विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा गाउँ कार्यपालिकाको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७९/८० को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यलयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७९/८० को लागि निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घन मि ) | आ.व. २०७९/८० को लागि निर्धारण गरिएको ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्दी न्यूनतम दररेट (प्रति घन मि) | कूल न्यूनतम अंङ्क रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| BRM/NCB/IR/07/079/080 | वडा नं ९ देउपाले बगर | १४७१७९१ | ३१७८८ | रु ४६७८५०९।७१ | रु ५,०००/- | कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा बोलपत्र खोलेको दिनबाट १८० दिन म्याद भएको बैंक जमानत |
| | वडा नं ९ काफ्लेका गर्तिला बगर | १७३१६।३० | ३१७८८ | रु ५५०४४८०।१९ | | |
| BRM/NCB/IR/09/079/080 | वडा नं १० डडुवा बगर | ३६८४८।५६ | ३१७८८ | रु ११७१३३६।६७ | रु ५,०००/- | |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कवोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वत: रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ । अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
२. ठेक्का अवधी गाउँपालिकासंग सम्झौता भएको मिति देखि २०८० साल आषाढ मसान्त सम्म रहनेछ । ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन । साथै IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन ।
३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ ।
४. धरौटी बापत कबोल गरेको अंङ्कको (मू.अ.कर सहित) ५ प्रतिशत रकम यस कार्यालयको **नबिल बैक लि., भुम्लु शाखा, सल्ले स्थित रहेको ग-३ धरौटी खाता नं. २१५०१०१७५०००२२** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १८० दिन सम्म म्याद भएको 'क' वर्गको बैंकबाट जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नबिल बैंक नेपाल लि. भुम्लु शाखा सल्लेमा रहेको ग-१.१ आन्तरीक राजश्व खाता नं. २१५०१०१७५०००४५** मा दाखिला गर्नुपर्नेछ ।
६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
८. ठेक्कामा कुनै विवाद भएमा भुम्लु गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।
१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०७९।०८।०४ गते दिनको १२:०० बजे भित्र विद्युतिय माध्यमबाट पेश गर्न पर्नेछ । साथै उक्त सूचना भुम्लु गाउँपालिकाको वेभ साइट **www.bhumlumun.gov.np** मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट **http://www.bolpatra.gov.np/egp** बाट E- Bidding मार्फत पेश गर्न सकिनेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० वजे भुम्लु गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।
११. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी, बोलपत्र दस्तुर तिरेका भौचर, बैक ग्यारेन्टि वा धरौटी रकम जम्मा गरेको भौचर र आ व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी वा पौष मसान्त सम्मको म्याद थपको कागजात संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र दाता व्यक्ति हुदाँ नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१२. बोपत्रदाताले कबुल रकम EGP मा भरेर तथा कार्यालयबाट प्रमाणित फारम भरी सहिछाप गरी Scan गरी Upload गर्नुपर्नेछ । साथै EGP र Scan फाइल फरक पर्न गएमा Upload गरिएको Scan फाइललाई मान्यता दिईने छ ।
१३. बोलपत्र फारामहरु दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ ।
१४. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।
१५. बोलपत्र स्वीकृत भएपछि कुनै पनि मिनाहा छुट दिइने छैन । तोकिएको मितिमा सम्झैता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारवाही गरिने छ ।
१६. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१७. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का सम्झैता गर्न आँउदा बोल कबोल रकमको पहिलो किस्ताको पहिलो ३५ प्रतिशत (भ्याट सहित) किस्तामा बुझाउनुपर्नेछ । बाँकी रकमको ६५ प्रतिशत(भ्याट सहित) कार्य सम्पादन जमानत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८० साल भाद्र मसान्त सम्म म्याद भएको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी पट्टा दिइनेछ ।
२. ठेक्का सम्झैता भएको मिति देखी २०८० साल जेष्ठ मसान्त सम्म IEE मा तोकिए बमोजिको परिमाण उत्खनन् गर्न पाइनेछ । साथै विक्री वितरण असार मसान्त सम्मको लागी कायम रहेने छ ।
३. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको ३५ प्रतिशतले हुन आँउने रकम । (भ्याट सहित) |
| दोश्रो | २०७९ साल पौष मसान्त भित्र | कबोल अंङ्कको ३५ प्रतिशतले हुन आँउने रकम । (भ्याट सहित) |
| तेश्रो | २०८० जेठ मसान्त सम्म | कबोल अंङ्कको बाँकी ३० प्रतिशत रकम । (भ्याट सहित) |

४. ठेक्का कबोल गर्ने ठेकेदारले भुम्लु गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
५. ठेकेदारले उठाउने ढुङ्गा गिट्टी बालुवा कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ,। साथै उक्त बगर क्षेत्रमा जाने बाटो अवरुद्ध भएमा ठेकेदारले स्वयमले बाटो मर्मत गरी संन्चालन गर्नु पर्नेछ र दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
६. भुम्लु गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।
७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।
८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । पहिलो, दोस्रो र तेस्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।
९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।
१०. प्रचलित ऐन, नियम, कानून, सम्झौंता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
११. भुम्लु गाउँपालिका भित्रका ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ ।
१२. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।
१३. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।
१४. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।
१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१६. नेपाल सरकार, प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७७ तथा मापदण्ड २०७७ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
१७. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

CMYK